**युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय**
**लगानी निर्देशिका, २०६९**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावलीको नियम ३० ले दिएको अधिकार प्रयोग गरी कोषको कार्य सञ्चालनको लागि समितिले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१.सम्क्षिप्त नाम र प्रारम्भ

(क) यो निर्देशिकाको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगानी निर्देशिका -२०६९" रहेको छ ।

(ख) यो निर्देशिका कोषको सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. विषय प्रसंगले अर्को अर्थ नलागेमा,

क) "कोष" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

ग) "मूल्याङकन समिति" भन्नाले बैंक तथा वित्तीय संस्था एवम् सहकारी संस्थाहरुबाट प्राप्त प्रस्तावहरु मूल्याङकन गर्न गठित समिति भन्ने सम्झनु पर्दछ ।

घ) "लगानी वा कर्जा" भन्नाले कोषबाट प्रवाह गरिने ऋण वा कर्जा भन्ने सम्झनु पर्दछ । साथै यस प्रयोजनको लागि कोषबाट प्रवाह गरिएको ऋण वा कर्जाबाट प्राप्त हुने व्याजलाईसमेत जनाउँदछ ।

ङ) "बैंक तथा वित्तीय संस्था एव सहकारी संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था ऐन २०६३ बमोजिम वित्तीय कारोवार गर्न इजाजत प्राप्त संस्था र सहकारी ऐन , २०४८ बमोजिम दर्ता भएको सहकारी संघ संस्थालाई जनाउनेछ । "सहकारी" शब्दले कृषि सहकारी, उत्पादनमूलक सहकारी, वचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारीसमेतलाई जनाउने छ ।

च) "वेरोजगार" भन्नाले शिक्षित या अशिक्षित युवा युवतीहरु, कुनै पनि पेशा व्यवसाय तथा कुनै आय आर्जन गर्ने काममा संलग्न नभएको व्यक्ति सम्झनु पर्दछ ।

छ) "ऋणी" भन्नाले न्यूनतम १८ वर्षदेखि ५० वर्ष उमेर समूह भित्रका ऋण लिने व्यक्ति सम्झनु पर्दछ ।

ज) "ऋणी समूह" भन्नाले बढीमा २५ जनासम्मको सामूहिक लगानीमा व्यवसाय गर्न ऋण लिने समूह सम्झनु पर्दछ ।

झ) "परियोजना वा प्रस्ताव" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट लिने कर्जा र आफ्नो रकम समेत लगानी गरी कुनै व्यवसाय सञ्चालन गर्न तयार गरिएको प्रस्ताव र सोसँग तथा सम्वन्धित चल अचल सम्पत्तिसमेत सम्झनु पर्दछ ।

ञ) "परिवार" भन्नाले अंश लिई छुट्टी भिन्न नभएका कर्जावालासँगै साथै संगोलमा वस्ने वा मानाचामल लिई अलग-अलग वसेका भएपनि एक परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

ट) "संयन्त्र" भन्नाले कोषको कायक्रमको प्रवर्द्धन गर्न कोषले पचहत्तर वटै जिल्लामा स्थापित गरेको "जिल्ला संयोजन तथा अनुगमन समिति" लाई सम्झनु पर्दछ ।

ठ) "ग्रेस पिरियड" भन्नाले बैंक तथा वित्तीय एवम् सहकारी संस्थाले कोषलाई रकम भुक्तानीगर्दा छुट गरिएको समयलाई सम्झनु पर्दछ ।

ड) "विना धितो" भन्नाले चल सम्पत्ति बाहेक परियोजना धितो राखि व्यक्तिले आफै जमानीमा बस्ने कार्यलाई सम्झनु पर्दछ ।

ढ) "सहभागी बैंक एव संस्था" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग आवद्ध भई यस कार्यक्रमको लागि कोषसँग सम्झौता गरेका बैंक, वित्तीय संस्था एवं सहकारी संस्था सम्झनु पर्दछ ।

ण) "संस्था" भन्नाले बैंक, वित्तीय संस्था, सहकारी संघ वा संस्थागत सहकारी संस्थासमेतलाई जनाउँछ ।

त) "तोके वा तोकिए बमोजिम" भन्नाले कोषको नियमावलीले तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

ठ) "कार्यकारी प्रमुख" भन्नाले कोषका कार्यकारी उपाध्यक्षलाई बुझाउने छ ।

ड) "कार्यकारी अधिकृत" भन्नाले कोषका कार्यकारी निर्देशकलाई बुझाउने छ ।

## परिच्छेद-३
## लगानीका आधारहरु

३. कुनै पनि संस्थाले कोषसँग रकम मागगर्दा देहायका कागजात तथा विवरण पेश गर्नु पर्दछ :-

क) संस्था दर्ता प्रमाणपत्र, प्रबन्ध पत्र, नियमावली एवं संचालकहरुको पूरा विवरण ।

ख) लेखा परीक्षण प्रतिवेदन ।

ग) लेखा परीक्षण सम्पन्न भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण ।

घ) संस्थाको पूँजी संरचना, निक्षेप तथा पूँजी कोष विवरण ।

ङ) लगानी सम्झौताको शर्तअनुसार बेरोजगारहरुलाई लगानी गरेको विवरण, लगानीको साँवा एवं ब्याज असुली विवरणका साथै कोषलाई बुझाउनु पर्ने साँवा एवं ब्याज रकम ३/३ महिनामा बुझाए नबुझाएको विवरण ।

च) उच्चस्तरमा रहेका कर्मचारीको विवरण ।

छ) स्वरोजगार कर्जा कार्यक्रम सञ्चालन कर्जा निर्देशिका तथा अनुगमन निर्देशिका ।

ज) सञ्चालक समितिले युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा कार्यक्रममा भागलिन गरेको कर्जाको प्रस्ताव सहितको विवरण

झ) कम्पनी वा संस्थासँग आवद्ध सदस्यहरु संलग्न भै स्थापना भएका संस्थागत सहकारीहरुको हकमा सम्वन्धित कम्पनीको सञ्चालकहरुको विवरण तथा सञ्चालकहरुले दिने जमानी सम्बन्धी निर्णयको विवरण ।

ञ) सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागी हुन सम्वन्धित जिल्ला सहकारी/डिभिजन सहकारीको सिफारिस पत्र ।

ट) सहकारी संस्थाका सञ्चालकहरुले यस कोषको रकम नियमपूर्वक बेरोजगार युवाहरुमा परिचालन गरी भुक्तानी अवधि भित्र कोषलाई साँवा व्याज फिर्ता गर्न सामूहिक तथा व्यक्तिगत जमानी बसेको विवरण ।

४. संस्थाहरु संग सम्झौताकोलागि कोषले समय समयमा प्रस्ताव आव्हान गर्नेछ । उक्त आव्हानको आधारमा पेश हुन आएका प्रस्ताव उपर निम्मानुसारको विवरण र नीतिमा आधारित भै रकम निकासा र सम्झौता हुनेछ :-

क) माथि बुदा (३) मा उल्लेखित विवरणहरु ।

ख) यस अघिका प्रस्तावअनुसार निकासा भएका रकमको सदुपयोग र शर्तहरु पूर्ण रुपमा पालना भएको विवरण ।

ग) स्विकृत प्रस्तावलाई कोषबाट लगानी निकासा गर्दा प्रथम किस्तामा सम्झौता रकमको ३०%, दोस्रो किस्तामा ३०%, र तेस्रो किस्ता ४० % निकासा गरिनेछ । दोस्रो किस्ताको लागि रकम

निकासागर्दा पहिलो किस्ताको लगानी विवरण बुझाउनु पर्नेछ । तेस्रो किस्ताको लागि रकम मागगर्दा पहिलो किस्ता र दोस्रो किस्ताको लगानी विवरण पेश गर्नु पर्नेछ ।

घ) सहकारी संस्थाहरुको हकमा भौगोलिक हिसाबले सुगम, दुर्गम र अति दुर्गम मानिएका क्षेत्र एवं जिल्लाहरुको हकमा आर्थिक एवं प्राविधिक दृष्टिकोणबाट सहज होस भन्ने अभिप्रायबाट यस प्रयोजनको लागि देहायको वर्गिकरण गरिएको छ ।

अ) काठमाडौं उपत्यका तथा महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरु ।

आ) ग्रामीण क्षेत्र भित्र रहेका सहकारी संस्थाहरु ।

इ) दुर्गम एवं पिछडिएका जिल्लामा रहेका सहकारी संस्थाहरु ।

ङ) काठमाडौं उपत्यका तथा महानगरपालिका, उप महानगरपालिका, नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्था, ग्रामीण क्षेत्र भित्र  रहेका सहकारी संस्था एवं दुर्गम क्षेत्र भित्र रहेका पिछडिएका जिल्लाहरु (अछाम, कालिकोट, जाजरकोट,जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) मा सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई तीन खण्डमा विभाजन गरी निम्न मापदण्डहरु लागू गरिनेछ ।

| **क्षेत्र** | **वचतको (नाफा) अवस्था** |
|---|---|
| काठमाडौ उपत्यका तथा महानगरपालिका, उप महानगरपालिका र नगरपालिका | विगत दुई वर्ष देखि वचतमा (नाफा) रहेको |
| ग्रामिण क्षेत्र | विगत  एक वर्ष देखि वचतमा (नाफा) रहेको |
| दुर्गम एवं पिछडिएका जिल्ला | क्षेमता र सम्भावनालाई आधार मान्ने |

## परिच्छेद -४
## लगानिको सिमा

५. बैंक, वित्तीय संस्था तथा सहकारीहरुको परियोजनाको सम्भाव्यता, उत्पादन गरेका सामान खरिद गर्ने बारेको व्यवस्था र सञ्चालकहरुको सक्रीयतासमेतलाई विचार गरी कूल सदस्य संख्याको अधिकतम सीमा भित्ररही कर्जा उपलब्ध हुन सक्ने छ ।

६. केद्रीय तथा जिल्ला स्तरका सहकारी संघहरुको हकमा उनीहरुको क्षमता र लगानीको प्रस्तावको औचित्यको आधारमा आँफै वा सो संघको जमानिमा संघ अन्तर्गतका प्रारम्भिक सहकारीहरुलाई कर्जा प्रवाह गर्ने प्रस्तावको आधारमा कर्जा प्रवाह गर्न सकिने छ । यसको लागि केन्द्रिय स्तरका सहकारी संघहरुले कोष संग जमानी वसी छुट्टै सम्झौता गर्ने छ ।

७. रु ५० लाख (पचास लाख रुपैयाँ) वा सो भन्दा कम रकम परिचालन गर्न कर्जा माग गर्ने संस्थाहरुलाई यस लगानी सीमा सम्बन्धी व्यवस्थाले असर पार्ने छैन ।

८. महिला, दलित, जनजाती, शहिद परिवार, अपाङ्ग, घाइते परिवार, वेपत्ता परिवार, उत्पीडित जाती जनजातीबाट सञ्चालित सहकारीहरुलाई कर्जा स्वीकृतीमा प्राथमिकता दिइने छ ।

९. राष्ट्रिय अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुऱ्याउने खालका प्रस्तावहरु उपर कोषले विशेष निर्णय गर्न सक्ने छ ।

## परिच्छेद -५

## ऋण लगानी सम्बन्धि प्रकृयागत व्यवस्था

१०. कोषबाट बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्राप्त गर्न देहायअनुसारका प्रक्रीया पूरा गर्नु पर्नेछ ।

क) कोषबाट बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्राप्त गर्न अनुसूची १ बमोजिम विवरणभरी पेश गर्नु पर्नेछ ।

ख) कोषबाट सहकारी संस्थाहरुले कर्जा प्राप्त गर्न अनुसूची २ अनुसारको फाराम तथा विवरण भरी पेश गर्नु पर्नेछ ।

ग) कोषमा प्राप्त प्रस्तावहरु छनौट गर्न कार्यकारी प्रमुख वा निजले तोकेको व्यक्तिको संयोजकत्वमा एक मूल्यांकन समिति गठन हुनेछ । मूल्यांकन समितिमा आवश्यकता अनुसार विशेषज्ञहरुलाई समेत समावेस गर्न सकिनेछ ।

११. कुन जिल्लामा कति वटा बैंक, वित्तीय संस्था तथा सहकारी संस्थालाई कर्जा उपलब्ध गराउने भन्ने निर्णय गर्ने अन्तिम अधिकार कोषसँग सुरक्षित रहने छ ।

## परिच्छेद -६

## ऋण रकम फिर्ता सम्बन्धी व्यवस्था

१२. कोष र बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाबीच सम्झौता भएअनुसारको भुक्तानी तालिकाअनुसार साँवा र व्याज नियमित रुपमा कोषलाई बुझाउनुपर्नेछ ।

१३. कोषलाई सम्झौता वमोजिम समयमा रकम भुक्तानी नगरेमा वा रकमको सदुपयोग नगरेमा कोषले सम्झौता अनुसार बैंक वित्तीय संस्था एवं सहकारी संस्थाहरुसंग रकम असुल गर्नेछ ।

क) सम्वन्धित बैंक, वित्तीय संस्था एवम सहकारी संस्थालाई ७ दिनको म्याद दिई (बाटो म्याद बाहेक) पत्र पठाईने

ख) पत्रिकामा सूचना प्रकाशित गर्ने ।

ग) चल अचल सम्पति रोक्का राख्ने ।

घ) नियमानुसार वोलकवोल प्रक्रिया बाट सो चल अचल सम्पत्तिको विक्री गरि असुली गर्ने

ङ) संचालक, ले.प. समिति तथा उच्च स्तरका कर्मचारीहरुलाई कानून अनुसार कारवाही चलाउने ।

च) बैंक तथा वित्तीय संस्था एवं सहकारीको नियमन निकायलाई कारवाहीको लागि लेखि पठाउने ।

छ) कारोवार तथा लाइसेन्स रद्ध गर्ने कारवाही चलाउने ।

ज) अन्य आवश्यक प्रकृया अपनाई कर्जाको सावाँ व्याज असुल उपर गर्ने ।

## परिच्छेद -७

## संस्थाहरुले कर्जा वितरण गर्दा अपनाउनुपर्ने प्रकृया

१४. बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरुले कर्जा वितरणगर्दा निम्नानुसारको प्रक्रिया अवलम्वन गरी कर्जा वितरण गर्ने छ ।

क. ऋणीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख. शैक्षिक योग्यता हासिल गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपि ।

ग. परम्परागत सीप (कृषि व्यवसाय, ब्यापार,तथा जातीय सीप) हुने बाहेक सीप हासिल गरेको प्रमाण पत्रको प्रतिलिपि ।

घ. युवा स्वरोजगार कोषबाट उपलब्ध गराएको अभिमुखीकरण तालीमको प्रमाणपत्रको प्रतिलिपि ।

ङ. ऋणीको एकाघरका परिवार सदस्यहरुको रोजगारीको अवस्थासमेत खुल्ने गरी पारिवारिक विवरण ।

च. ऋणीको वा निजको परिवारको नाममा रहेको चल अचल सम्पत्तिको पूरा विवरण ।

छ. कर्जा माग निवेदन ।

ज. परियोजनासम्बन्धी कागज पत्र सहित कर्जा प्राप्त गर्ने परियोजना स्थल नजिकको कारोबार संचालन गर्न अनुमति प्राप्त बैंक, वित्तिय संस्था वा सहकारीको कार्यालयमा अनुसूची ३ बमोजिम आवेदन दिनुपर्ने ।

१५. बीना धितो कर्जा प्रदानगर्दा बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाहरुले निम्नअनुसारको प्रकृयाको अवलम्बन गर्नु पर्नेछ :

क. व्यवसायको उद्देश्यअनुसार कर्जा बढीमा पाँच वर्ष अवधिको हुनेछ र बैंक तथा वित्तीय एवं सहकारीको नियमानुसार तोकेको किस्तामा बुझाउनु पर्ने गरि सम्बन्धित बैंक तथा वित्तीय एवं सहकारी संस्थाले किस्ता तोक्नेछ ।

ख. कर्जा स्वीकृत गर्ने आशय पत्र कर्जाबालालाई (व्यक्तिगत वा सामुहिक) दिनु पर्छ ।

ग. एक पटक (व्यक्तिगत वा सामुहिक) ऋण लिए पछि अरु कुनै किसिमको यस कार्यक्रममा ऋण पाउन योग्य हुनेछैन र पहिला ऋण लिई चुक्ता हुन बाँकी भएका व्यक्ति यस कार्यक्रममा सहभागी हुन पाउने छैनन् ।

## परिच्छेद -८

## बैंक तथा वित्तीय संस्था एवम सहकारी संस्थाहरुबाट गर्नु पर्ने कार्यहरु

१६. बैंक तथा वित्तीय संस्था एवम सहकारी संस्थाहरुबाट गर्नु पर्ने कार्यहरु देहाय अनुसार हुनेछन् ।

क. बैंक तथा वित्तीय एवं सहकारी संस्थाले कर्जाबालाले पेश गरेको विवरणको अध्ययन र विश्लेषण गर्ने,

ख. बैंक तथा वित्तीय एवं सहकारीले उचित ठह-याएमा कर्जा स्वीकृत गर्ने,

ग. कर्जा प्रवाह गर्दा परियोजनाको प्रकृति हेरी परियोजना निरीक्षण गरि सो को आधारमा तोकिए वमोजिमको किस्ता प्रवाह गर्ने,

घ. कर्जा प्रदान गरेपछि र असुली भएपछि सहभागी बैंक तथा वित्तीय एवं सहकारी संस्थाहरुले कोषलाई सोको अविलम्व जानकारी दिने ।

ङ. बैंक तथा वित्तिय संस्थाहरुले बीमाको पोलिसीमा अनिवार्य रुपमा कर्जाबालाको सही गराउने र बीमा लागु हुने अवधि उल्लेख गरी सोधभर्ना मागको समयमै संचारको छोटो माध्यम मार्फत जानकारी दिने ।

च. कर्जाबालालाई बैंक तथा वित्तीय संस्था एवं सहकारीको नियमानुसार तमसुक गर्दा ऋण असूल उपर सम्वन्धि आवश्यक शर्तहरु उल्लेख गर्ने ।

छ. कर्जाबालाले कर्जा प्राप्त गरेको वढीमा ६ महिना पछिबाट लगानी भएको मितिदेखिको बाँकी ब्याज सहित मासिक किस्ता समेतको भुक्तानी तालिका पेश गर्नु पर्ने ।

ज. भुक्तानी तालिका वमोजीम लगातार तीन किस्ता भाखा नाघेमा स्थानीय प्रशासनमा अनिवार्य रुपमा जानकारी दिई कर्जा असुली प्रकृया अगाडि बढाउने ।

## परिच्छेद -९

## सोधभर्ना सम्बन्धी व्यवस्था

१७. सोधभर्ना सम्वन्धि व्यवस्था देहाय अनुसार हुनेछन् ।

क. बैंक, वित्तीय एवं सहकारी संस्थाले लक्षित वर्गलाई कर्जा दिएको र असुली भएकोमा सो रकम र ब्याज सहुलियत बापत फिर्ता दिएको रकम सात दिन भित्र छिटो हुने संचार माध्यम मार्फत सोधभर्नाको लागि माग गर्नु पर्नेछ ।

ख. कोषले रकम प्राप्त भएको सात कार्य दिन भित्र सोध भर्ना दिनु पर्नेछ ।

ग. असुली भएको रकम पनि सात दिन भित्र कोषले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

घ. कोषले तोकेको समयमा फिर्ता नगरे कोषको रकम कर्जावालालाई लगानी गर्दा लिने उच्चतम ब्याजदर अनुसार कोषमा जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद -१०

## वीमा सम्बन्धी व्यवस्था

१८. कोषले वेरोजगारहरुलाई लगानि गरेको कर्जा तथा निजहरुले सञ्चालन गरेको व्यवसाय कुनै पनि कारणबाट हानी नोक्सानी हुन पुगेमा त्यस्तो सम्पत्तिको रक्षावरण गर्नको निमित्त कोषले त्यस्ता व्यक्ती तथा ऋणीले सञ्चालन गरेका व्यवसायको वीमा सम्वन्धि व्यवस्था गरेको छ । सोको विस्तृत विवरण अनुसूची ४, ५ र ६ उल्लेख गरिएको छ । लगानि गर्ने बैंक, वित्तिय संस्था एवं सहकारी संस्थाले यस प्रयोजनको लागि आफ्ना ग्राहकहरुको वीमा गराउनु पर्ने छ ।

१९. कोषबाट गरिएको लगानी रकमको वीमा हुनेछ । यस्तो विमा वापत को रकम कोषले सम्झौता वमोजीम वीमा संस्थानमा पठाउनु पर्नेछ ।

२०. कोषले लगानी रकम वापत गरिने वीमा रकमको हर हिसाव सहित वीमा संस्थानमा बुझाउनु पर्नेछ ।

२१. कोष र वीमा संस्थानको एक संयुक्त वीमा कोष रहनेछ र यसमा नेपाल सरकार र कोषबाट वार्षिक रुपमा रकम जम्मा गरिने छ ।

## परिच्छेद -११

## कर्जाको अनुगमन सम्बन्धी व्यवस्था

२२. स्वरोजगार कर्जा लिने बैंक, वित्तिय संस्था एवम सहकारी संस्थाहरुको अनुगमन स्वरोजगार कोषका कर्मचारी, जिल्ला स्थित “जिल्ला संयोजन तथा अनुगमन समिति” तथा कोषले खटाएका कुनै व्यक्ति वा संस्थाबाट हुनेछ । संस्थाले प्रदान गरेका ऋणीहरुको अनुगमन गरी समयमा कर्जा असुल गराउने कार्य सम्वन्धित बैंक, वित्तिय संस्था एवम सहकारी संस्थाको हुनेछ ।

२३. अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको निराकरण एवम कारवाहीको लागि कोषमा सिफारिस गर्न सक्नेछ ।

२४. यसरी अनियमितता भएको वा समयमा कर्जा कोषलाई नवुझाएको पाइएका बैंक, वित्तिय संस्था एवं सहकारी संस्थालाई कोषले नियमानुसार आवश्यक कारवाही गर्ने छ ।

## परिच्छेद -१२

## विविध

२५. खारेजी र वचाउ :

१. कर्जा तथा वीमा व्यवस्था सम्बन्धी निर्देशिका, २०६५ खारेज गरिएको छ ।

२. यस अघि भए गरेका सम्पूर्ण कामकारवाहीहरु "युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगानी निर्देशिका, २०६९" बमोजिम भए गरेको मानिने छन् ।

## अनुसुची १

**कोषबाट बैंक तथा वित्तिय संस्थाहरुले कर्जा प्राप्त गर्न भरिने फारम :**

**<u>बैंक तथा वित्तिय संस्थाहरुको लागी मापदण्डहरु :</u>**

**क) बैंक सम्बन्धी सामान्य जानकारी :**

- बैंक संचालन मिति : ...........................                    वर्गीकरण :...........
- वर्ग विहिन संस्थाहरुको हकमा राष्ट्र बैंकबाट वित्तिय कारोवार गर्न स्विकृति पाएको मिति :.......................
- बैंकको पुँजिगत संरचना :

| **पुँजिगत संरचना** | **रुपैया** | **प्र. शि** |
|---|---|---|
| अधिकृत पुँजि | | - |
| जारी पुँजि | | - |
| चुक्ता पुँजि (क) संस्थापकहरुको | | - |
| (ख) साधारण सदस्यहरुको | | - |
| (ग) संस्थागत शेयर | | - |

- बैंकका शाखा कार्यालय संख्या :...............
- दुर्गम स्थानमा रहेका शाखा संख्या : .............
- बैंकले ओगटेको भौगोलिक कार्य क्षेत्र : (कति जिल्ला छन्, नाम उल्लेख गर्ने)

  ......................................................................................................................................
  ......................................................................................................................................
  .........
- बैंक तथा वित्तिय संस्थाका सञ्चालक समितिमा रहेका सदस्य तथा व्यवस्थापनमा रहेका पदाधिकारीहरु ( विभागीय प्रमुख र सो भन्दा माथीका) को विवरण :

  **<u>संचालकहरुको विवरण :</u>**

| **नाम** | **पद** | **विभाग/ठेगाना** | **सम्पर्क नं.** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**व्यवस्थापकहरुको विवरण**

| नाम | पद | शाखा/विभाग | सम्पर्क नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**ख) बैंक सम्वन्धी वित्त विवरण :** रु हजारमा

| शिर्षक | | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | वृद्धि प्र.स. |
|---|---|---|---|---|---|
| कुल सम्पत्ति | | | | | |
| कुल निक्षेपः | चल्ती | | | | |
| | वचत | | | | |
| | मुद्धती | | | | |
| | अन्य | | | | |
| | कूल निक्षेप मध्ये संस्थागत निक्षेप | | | | |
| कुल कर्जा | | | | | |
| कुल लगानी | क | | | | |

| | ख | | | | |
|---|---|---|---|---|---|
| असामान्य कारोवारवाट भएको आम्दानी | | | | | |
| सन्चालन खर्च | | | | | |
| सन्चालन नाफा | | | | | |
| खुद नाफा/नोक्सान | | | | | |
| साधारण जगेडा | | | | | |
| शेयर होल्डर फण्ड | | | | | |
| पुँजी कोष (RWA) | | | | | |
| म्याद नाघेको कर्जा प्र.श. | | | | | |
| कर्मचारी संख्या | | | | | |
| गैर वैंकिङ सम्पत्ति | | | | | |
| कर्जा जोखिम रकम | | | | | |

**ग) लगानीका प्रस्ताव सम्वन्धी विस्तृत निम्न विवरण (वेग्लै संलग्न गर्ने) :**

१. पृष्ठभुमी
२. कोषबाट प्राप्त हुने रकम उद्धेश्य
३. वितरण योजना
४. वैंक र ऋणी विचको भुक्तानी तालिका
५. कोष र वैंक विचको भुक्तानी तालिका
६. कोषबाट ऋण प्राप्त भएपछि तालिम कर्जा प्रवाह अनुगमन निरिक्षणको लागि गरेको कर्मचारी व्यवस्था :
७) सापटी रकमको कोषलाई फिर्ता वुझाउने भुक्तानी तालिका :

- **स्वरोजगार गराउने कुल संख्या :** ......... **महिला :** ............ **पुरुष :** ...........
- **स्वरोजगार सम्बन्धी मुख्य मुख्य व्यवसाय :**

| व्यवसायको नाम | लगानीहुने अनुमानित रकम | स्वरोजगार संख्या | व्यवसाय सञ्चालन हुने स्थान जिल्ला |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**घ) नितिगत व्यवस्था :**

- कोषको कार्यक्रम सञ्चालन हुनेबारे कर्जा लगानी सुपरिवेक्षेण तथा अनुगमन निति र कर्मचारी व्यवस्था सम्वन्धी सञ्चालक समितिले पास गरेको विवरण संलग्न गर्ने :
- लगानी गर्नेबारे कर्मचारी व्यवस्था :
  ..........................................................

  ..........................................................
- सुपरिवेक्षण तथा अनुगमन व्यवस्था :
  ..........................................................

  ..........................................................

उपरोक्त विवरण सहित युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा कार्यक्रममा संलग्न हुने निवेदन पेश गरेका छौ । प्राप्त हुने रकम कोषको परिधि भित्र रही युवाहरुलाई स्वरोजगार गराउने कार्यमा कर्जाको रुपमा परिचालन गराउने छौ ।

सञ्चालक समितिबाट अख्तियार प्राप्त
प्रमुख कार्यकारी अधिकृतको
दस्तखत :
नाम :
पुरा ठेगाना :

## अनुसुची २

**कोषबाट सहकारी संस्थाले कर्जा प्राप्त गर्न भरिने फारम :**

**सहकारी संस्थाले दरखास्त साथ पेश गर्ने विवरण**

**क) सहकारी विवरण :** **मिति :**

१.

| | |
|---|---|
| सहकारी संस्थाको नाम : | |
| पुरा ठेगाना : | |
| संचालन मिति : | |
| चुक्ता पुँजी : | |

**२. सहकारीका साधारण तथा संस्थागत सदस्यको विवरण :**

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण सदस्य संख्या | | | |
| संस्थागत सदस्य | | | |

**३. स्वीकृत कार्य क्षेत्रको विवरण :**

| क.सं. | गा.वि.स./न. पा./जिल्ला | वार्डहरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

**४. संचालकहरुको विवरण :**

| क्र. सं. | पद | नाम | पुरा ठेगाना | सम्पर्क न. | कार्य समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

संचालकहरुले स्वरोजगार कोषवाट लगेको रकम फिर्ता गर्न सामुहिक एवं व्यक्तिगत जमानी बस्न मन्जुर गरेको निर्णय संलग्न छ ।

५. लेखा समितिको विवरण :

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. सहकारी संस्थामा नियमित रुपमा काम गर्ने प्रवन्धक र सो भन्दा माथीका कर्मचारीको विवरण :

| क्र.सं. | नाम | पद | विभाग/कार्यालय शाखा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

७. संस्थाले/संस्थाको सहयोगमा सदस्यहरुले गरेको नमुना/उत्कृष्ठ व्यवसायहरु ३ वटा उल्लेख गर्ने

व्यवसायको नाम    संलग्न सदस्य संख्या    व्यवसाय संचालन क्षेत्र

१.
२.
३.
४.
५.

किन उत्कृष्ठ भए कारण लेख्ने :

१.
२.
३.

**ख) वित्तिय विवरण**

रु हजारमा

| शिर्षक | | २०६५/०६६ | २०६६/०६७ | २०६७/०६८ | वृद्धि प्र.स. |
|---|---|---|---|---|---|
| शेयर पुँजी | | | | | |
| जगेडा कोष | | | | | |
| जोखिम कोष | | | | | |
| कुल निक्षेप | वचत | | | | |
| | मुद्धती | | | | |
| | अन्य | | | | |
| | संस्थागन निक्षेप | | | | |
| व्याज मूलतवी | | | | | |
| कुल ऋण लगानी | | | | | |
| क. कृषि जन्य क्षेत्रमा | | | | | |
| ख. सेवा व्यवासाय | | | | | |
| ग. लघु उद्योग | | | | | |
| घ. अन्य व्यवसाय | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल लगानी | | | | | |
| स्थिर सम्पत्ति (घर जग्गाको हकमा मालपोत कार्यालय को मुल्यांकन रकम) | | | | | |
| कुल आम्दानी | व्याज | | | | |
| | अन्य | | | | |
| कुल खर्च | व्याज | | | | |
| | कर्मचारी | | | | |
| | अन्य संचालन खर्च | | | | |
| संचालन मुनाफा | | | | | |
| आयकर आघिको वचत (नाफा) | | | | | |
| जोखिम व्यहोर्ने कोषहरुको रकम | क. | | | | |
| | ख. | | | | |
| | ग. | | | | |
| अनिवार्य नियमित वचत रकम | | | | | |
| अनिवार्य नियमित वचत गर्ने सदस्य संख्या | | | | | |
| म्याद नाघेको कर्जा रकम | | | | | |
| म्याद नाघेको कर्जा प्रतिशत | | | | | |
| साधारण सभा वसेको मिति | | | | | |

- सहकारी संस्थाको चुक्ता पुंजीको १०% र सो भन्दा वढी शेयर खरिद गर्ने सदस्यहरुको विवरण : (एक घर परिवारले लिएको रकम समेत जोडी हिसाव गर्ने)

| क्र. सं. | संस्था सदस्य/परिवारको नाम | लिएको शेयर रकम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

- सञ्चालक तथा लेखा समितिका सदस्यहरुले लगेको ऋणको विवरण

| क्र.सं. | नाम | पद | शिर्षक | वाँकी सावाँ | वाँकी व्याज | भुक्तानि मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**ग. पल्स प्रतिवेदन** ………असार मसान्त भित्रको

| P-E-A-R-L-S RATIOS (पर्ल्स अनुपात) | | | Goals (लक्ष्य) | हालको अवस्था |
|---|---|---|---|---|
| P | PROTECTION (संरक्षण) | | | |
| | १ | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १०० % | |
| | २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५ % | |
| E | EFFECTIVE FINANCIAL STRUCTURE ( प्रभावकारी वित्तिय संरचना ) | | | |
| | १ | जम्मा खुद ऋण / जम्मा सम्पत्ति | ७० देखि ८० % | |
| | २ | जम्मा बचत निक्षेप / जम्मा सम्पति | ७० देखि ८० % | |
| | ३ | बाह्य ऋण / जम्मा सम्पति | ब्ढीमा ५ % | |
| | ४ | जम्मा शेयर पुँजी / जम्मा सम्पति | १० देखि २० % | |
| | ५ | संस्थागत पुँजी / जम्मा सम्पति | कम्तीमा १० % | |
| A | ASSET QUALITY ( सम्पत्तिको गुणस्तर ) | | | |
| | १ | जम्मा भाखा नाघेको ऋण /जम्मा लगानीमा रहेको ऋण | ५ % भन्दा कम | |
| | २ | आर्जन नगर्ने सम्पत्ति / जम्मा सम्पत्ति | ५ % भन्दा कम | |
| R | RATES OF RETURN AND COSTS (लगानिको प्रतिफल तथा लागत) | | | |
| | १ | सञ्चालन खर्च / औषत सम्पत्ति | ५ % | |
| | २ | खुद आय / औषत सम्पत्ति | कम्तीमा १० % | |
| L | LIQUIDITY (तरलता) | | | |
| | १ | तरल सम्पत्ति - अ.भुक्तानी /जम्मा बचत निक्षेप | कम्तीमा १५ % | |
| S | SIGNS OF GROWTH ( वृद्धिको संकेत ) | | | |
| | १ | सदस्यता बृद्धि | १२ % भन्दा बढी | |
| | २ | सम्पत्तिको बृद्धि | मुद्रा स्फिती भन्दा बढी | |

**घ) प्रस्ताव सम्वन्धी विस्तृत विवरण (निम्न शिर्षक अनुसार कर्जा मागको प्रस्ताव वेग्लै संलग्न गर्ने) :**

१. संस्थाको परिचय (पूँजी, प्रस्तावित कार्यक्षेत्र, लगानिका क्षेत्रहरु, प्राथमिकता, उद्धेश्य आदि)

२. परियोजनाको उद्धेश्य र रोजगार सृजना हुने संख्या

३. कर्जा वितरण योजना (भौगोलिक क्षेत्र, लगानिको क्षेत्र, लक्षित सहभागीहरु, कूल लगानी गर्ने रकम र मासिक वितरण तालिका)

४. व्यवसायीबाट मासिक कर्जा फिर्ता गर्ने भुक्तानी तालिका

५. कोषबाट ऋण प्राप्त भएपछि तालिम कर्जा प्रवाह अनुगमन निरिक्षण आदिको लागि गरेको कर्मचारी व्यवस्था :

६) सापटी रकमको कोषलाई फिर्ता वुझाउने तालिका :

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यक्रम सञ्चालन गर्न प्रतिवद्धतापत्र सहित रु ……………… ……………………… . ……….उपलब्ध गराउन अनुरोध गर्दछौं । उक्त रकम यस क्षेत्रमा नमुना व्यवसायहरुमा सुरक्षित पूर्वक युवाहरुमा लगानी गरी स्वरोजगार सृजना गरी प्रस्तावमा तोकिएको समय भित्र कोषमा फिर्ता बुझाउन हामी तपसिलका सञ्चालकहरु व्यक्तितग तथा सामुहिक रुपमा जमानी वस्न मञ्जुर गरि यो प्रस्ताव युवा तथा स्वरोजगार कोषमा पेश गरेका छौ । कोषले गरेका निर्णय हाम्रो लागी मान्य र अन्तिम हुने कुरामा हामी मञ्जुर गर्दछौं ।

| **क्र.सं.** | **नाम** | **पद** | **सम्पर्क न.** | **हस्ताक्षेर** |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**लेखा समितिको सिफारिस :**

उपरोक्त अनुसार कोषबाट प्राप्त हुने रकमको नियमित अनुगमन, निरिक्षण आदि गरी सो रकम सदुपयोग गर्दा र कोषलाई समयमै डिफर्ता भुक्तानी गर्न गराउन लेखा समितिले समयमै पूर्ण जिम्मेवारी निर्वाह गर्ने छौ ।

| **क्र.सं.** | **नाम** | **पद** | **सम्पर्क न.** | **हस्ताक्षेर** |
| --- | --- | --- | --- | --- |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

छाप : मिति

## अनुसुची ३

## युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा माग फाराम

### (व्यक्तिगत कर्जाको लागि)

श्री.......................................

....................................... मार्फत : जिल्ला संयोजन तथा अनुगमन समिति.............

**विषय : स्वरोजगार कर्जा उपलबध गराई पाँउ ।**

महोदय,

नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, २०६९ अनुसार म श्री......................................को छोरा/छोरी श्री...................................को श्रीमान्/श्रीमती जिल्ला.................म.न.पा./उ.न.पा./न.पा./गा.वि.स.......................... बस्ने वर्ष..............................को श्री/श्रीमती................................हालसम्म कुनै रोजगारी मूलक कार्यमा लाग्न नसकी बेरोजगार रहेकोले त्यस बैंकबाट निम्न व्यवसाय संचालनको लागि देहायमा उल्लेख भएको योग्यता समेत हासिल गरेकोले मेरो आफ्नै जमानिमा परियोजना धितो राखी कर्जा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ ।

१. व्यवसायको नाम :.....................................................

२. व्यवसाय संचालन गर्ने

अञ्चल......................जिल्ला.....................गा.वि.स./न.पा./उप.म.न.पा./म.न.पा......................

वार्ड नं................टोल/गाँउ.................घरको नम्बर.....................टेलिफोन

नं.....................मोबाईल नं............................

४. व्यवसाय संचालन गर्नको लागि मैले/हामीले निम्न अनुसारको विवरणहरु पेश गरेको छु, छौं :

१. नागरिकताको फोटोकपी :

२. शैक्षिक योग्यताको प्रमाणपत्र :

३. तालिमको प्रमाणपत्र :

४. पुर्व अनुभवको प्रमाणपत्र :

५. फोटो :

६. शञ्चालन गर्ने परियोजनाको विवरण :

७. अन्य

५.आफ्नो एकाघरको परिवार सदस्यको रोजगारीको अवस्था समेत खुल्ने गरी पारिवारिक विवरण,

| नाम | नाता | दर्जा | काम गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. आफ्नो वा आफ्नो परिवारको नाममा रहेको चल अचल सम्पत्तिको विवरण,

| नाम | नाता | घर जग्गाको कित्ता नं. | जिल्ला | न.पा. वा गा.वि.स. | वा.नं. | क्षेत्रफल | सगोल वा अंशवण्डा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

७. शर्त सुविधा :

१.उल्लेखित कर्जा..............................................कार्यमा प्रयोग गर्नेछु ।

२.कर्जामा कोषले समय-समयमा तोकेको दरमा ब्याज तथा साँवा तिर्नेछु ।

३. बैंकले तोकेको कोषको कर्जाको शर्त मान्न मंजुर छु ।

४. मैले लिएको कर्जाको तोकिएको समयमा नबुझाएमा समेत मेरो व्यवसायको दर्ता रद्द गर्ने, मेरा शैक्षिक वा व्यवसायिक प्रमाण पत्रहरु जफत गर्ने, मैले पाउनु पर्ने मेरो भागमा र हन पुगेको पैतृक वा आफुले आर्जन गरेको सम्पत्ति रोक्का गर्ने, कालो सूचीमा राख्ने, मतदानमा उम्मेदवार वन्न नपाउने, मतदानमा भाग लिन नपाउने लगायत राज्यले प्रदान गर्ने सुविधा समेतबाट वञ्चित गरी प्रचलित कानून वमोजिम कारवाही भएमा समेत मेरो मञ्जुरी छ ।

५. जुनसुकै सम्पत्तिमा स्वतः पहिलो दाबी सृजना हुने र मैले पाउने रकम तेस्रो पक्षबाट असुल उपर गरी लिएमा सहमति छ तथा मेरो व्यक्तिगत जमानी समेत मेरो मञ्जुरी छ ।

६. कुनै किसिमको यो कर्जा लिए पछि रोजगार भएमा सम्पुर्ण साँवा ब्याज ३ महिना भित्र बुझाउने छु र सो नगरेमा नियतबस ऋण नतिर्ने ऋणीहरुबाट ऋण असुलीका लागि कारबाही गरेमा मेरो मञ्जुरी छ ।

७. बीमा सम्बन्धी र ब्याज अनुदान सम्बन्धमा मेरो सहमति छ ।

मैले पेश गरेको उपरोक्त विवरण झुटा ठहरेमा मलाई प्रचलित कानून वमोजिमको कारबाही गरेमा मेरो मञ्जुरी छ भनी माथि उल्लेखित कर्जा प्राप्त गर्नको लागि यो माग फाराम पेश गरेको छु ।

निवेदक,
नाम :
दस्तखत :

## अनुसूची ४

**स्वरोजगार (सम्पत्ति) बीमालेख**

<table>
<tr><td>बीमित<br>बैंक/वित्तिय/सहकारी संस्था<br>- नाम :<br>- ठेगाना :<br>बीमित ऋणी<br>- नाम :<br>- ठेगाना :</td><td rowspan="4">बीमा लेख नं.<br>अभिकर्ता<br>जारी स्थान<br>बीमा अवधि<br>देखि<br>सम्म<br>बीमाको प्रस्ताव प्राप्त मिति :<br>बीमालेख जारी मिति :<br>बीमालेख अन्तर्गत रक्षावरण<br>प्रारम्भ हुने मिति</td></tr>
<tr><td>बीमित ऋणीको व्यवसाय :</td></tr>
<tr><td>भाग (१) सम्पत्ति</td></tr>
<tr><td rowspan="2">सम्पत्तिको विवरण मुल्य रु.<br>क) रु.<br>ख) रु.<br>ग) रु.<br>घ) रु.<br>ङ) रु..................<br><br>जम्मा बीमाङ्क रकम रु.</td></tr>
<tr><td>बीमा शुल्क रु.<br>टिकट रु.<br>मु.अ.क. रु.<br>जम्मा रु.<br>बिल/रसिद नं.</td></tr>
<tr><td colspan="2">भाग(२) व्यक्तिगत दुर्घटना<br>बीमाङ्क रकम अधिकतम : रु. २,००,०००।-<br>ईच्छाईएको व्यक्तिको नाम :<br>ठेगाना :</td></tr>
<tr><td colspan="2">सम्पुष्टि तथा बन्देज :<br><br>निमित्त ...............ईन्स्योरेन्स कम्पनी लि.<br>अधिकार प्राप्त हस्ताक्षर</td></tr>
</table>

**स्वरोजगार (सम्पत्ति) बीमालेख**

यस बीमालेखको अनुसुचीमा उल्लेखित बीमितले बीमक (कम्पनिको नाम उल्लेख गर्ने) लाई अनुसुचीमा उल्लेखित मितिमा यस करारको आधार मानिने बीमा प्रस्ताव फाराम संलग्न गरी बीमा अवधि भित्र यसमा उल्लेख भए बमोजिमको कुनै घटना वा नोक्सानीको कारणबाट हुन सक्ने हानि-नोक्सानी विरुद्ध बीमाको लागि निवेदन दिएको र उल्लेखित मिति र समयमा यो बीमालेख जारी भएको प्रमाणित गर्दछ ।

यस बीमालेखमा बीमित ऋणी भन्नाले यस बीमालेखको अनुसुचीमा नाम उल्लेख भएको स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण सुविधा प्राप्त गरी व्यवसाय संचालन गर्ने ऋणी सम्झनु पर्छ ।

## अनुसुची ५

**बीमा (रक्षावरण) गरिएको सम्पत्तिको क्षति हानी-नोक्सानी**

१.बीमकले बीमितलाई निम्न लिखित कुनै कारणबाट स्वरोजगार कार्यक्रम अन्तर्गत प्रदान भएको ऋण सुविधाबाट संचालित परियोजाना अन्तर्गत र यस बीमालेखको अनुसुचिमा उल्लेख भएको सम्पत्ति क्षति/हानी-नोक्सानी भए बापत क्षतिपुर्ति प्रदान गर्नेछ :-

क) आगलागी, विष्फोटन, स्वजलन वा चटयाङ्ग,

ख) भुपक्क (अग्नि तथा धक्का)

ग) बाढी/डुबान

घ) पहिरो/भु:स्खलन

ङ) आधिबेहरी,असिना, हिमपात

च) हुलदंगा/हडताल

छ) द्धेशपुर्ण कार्य

ज) आतंककारी/विध्वंशकारी कार्य

२. बुदाँ नं.२ बमोजिमको कुनै कारणबाट बीमा रक्षावरण गरिएको सम्पत्तिमा क्षति/हानि-नोक्सानीमा बीमित परिसरमा रहेका सम्पुर्ण सम्पत्तिहरुको जम्मा मूल्य जति भए पनि बीमकले बीमितलाई आवश्यक तथा वास्तविक क्षतिको आधारमा बढीमा रु. दुई लाख सम्मको रकम क्षतिपुर्ति प्रदान गर्नेछ । त्यस्तो क्षतिपुर्ति प्रदान गर्दा न्युन बीमांक सम्बन्धी दफा (एभरेज क्लज) लागु हुने छैन ।

३. बुँदा नं.१ मा उल्लेख भएका बाहेक अन्य कुनै पनि कारणबाट बीमा रक्षावरण गरिएको सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको बीमकले क्षतिपुर्ति प्रदान गर्नेछ ।

४. बीमा रक्षावरण गरिएको सम्पत्तिमा भएको क्षति/हानि-नोक्सानीको परिमाण स्वरुप भएको नाफामा कमि, खर्चमा बृद्धि जस्ता कुनै हानि-नोक्सानीको बीमकले क्षतिपुर्ति प्रदान गर्ने छैन ।

५.बीमा रक्षावरण गरिएको सम्पत्तिको प्रयोगबाट भएको ह्रास, यान्त्रिक वा विद्युतिय अवरोध/असफलता/टुटफुटको बीमकले क्षर्तिपुर्ति प्रदान गर्ने छैन ।

६. यस परिच्छेद अन्तर्गत कुनै र्दुघटना वा हानि-नोक्सानी भएमा सो को सुचना लिखित रुपमा अविलम्व बीमकलाई दिनु पर्नेछ ।

## अनुसुची ६

## बीमित ऋणीको दुर्घटनाबाट स्थायी अंगभंग/अशक्तता

१. बीमा अवधि भित्र 'प्रत्यक्ष रुपले बाहिर देखिने, आकस्मिक र जोडदार दुर्घटना' (यस पछि दुर्घटना भनिएको) बाट शारीरिक चोटपटक लागि बीमित ऋणी स्थायी रुपले अशक्त वा अपाङ्ग भएमा स्थायी अशक्तता वा अपाङ्गता सम्बन्धमा बीमकले निम्न लिखित सुविधा प्रदान गर्नेछ ।

| क.सं. | विवरण | सुविधा |
|---|---|---|
| क) | स्थायी अशक्तता भएमा | रु. दुई लाख |
| ख) | नाडी वा सो भन्दा माथि देखि दुवै हात वा गोली गाठो वा सो भन्दा माथि देखि दुवैखुट्टा काटिएमा वा भविष्यमा फिर्ता नहुने गरी दुवै आँखा पुर्ण रुपमा दृष्टि विहिन भएमा | रु. दुई लाख |
| ग) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा | रु. दुई लाख |
| घ) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा वा भविष्यमा फिर्ता नहुने गरी एउटा आँखा पुर्ण रुपमा दृष्टि विहिन भएमा, | रु. दुई लाख |
| ङ) | दुवै कान पुर्ण रुपमा श्रवण विहिन (पुर्ण रुपमा नसुनिने ) भएमा | रु. दुई लाख |
| च) | नाडी वा सो भन्दा माथि देखि एउटा हात वा गोली गाठो वा सो भन्दा माथि देखि एउटा खुट्टा काटिएमा | रु. दुई लाख |
| छ) | एउटा आँखाको भविष्यमा फिर्ता नहुने गरी पुर्ण रुपमा दृष्टि विहिन भएमा, | रु. दुई लाख |

**स्पष्टीकरण** : यस बीमालेखको प्रयोजनको लागि स्थायी अशक्तता भन्नाले दुर्घटनाको कारणबाट स्थायी रुपले अशक्त भई भविष्यमा कुनै पेशा, व्यवसाय वा ज्याला मजदुरी गरी आय आर्जन गरी जीविकोपार्जन गर्न असक्षम भएको अवस्था सम्झनु पर्छ ।

२.कुनै पनि समयमा बीमितले सत्य, तथ्य लुकाई गलत तरिकाले बुँदा नं. १ बमोजिमको दावी भुक्तानी लिएको प्रमाणित भएमा त्यसरी बीमकले जारी गरेको सूचनाको म्याद भित्र सो रकम भुक्तानी गर्नु बीमितको कर्तव्य हुनेछ ।

३.यसमा परिभाषित दुर्घटनाको कारणबाट स्थायी रुपले अशक्त भई भविष्यमा कुनै पेशा, व्यवसाय वा ज्याला मजदुरी गरी आय आर्जन गरी जिविकोपार्जन गर्न असक्षम भएको वा स्थायी रुपले शारीरिक अंगभंग भएको व्यहोरा सामान्यत दुर्घटना भएको १८० दिन भित्र सम्बन्धित विषयको योग्य चिकित्सकबाट बीमित स्वयमको खर्चमा प्रमाणित गराई बीमकको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

४. यदि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमित ऋणीको स्थायी अशक्तता वा अपाङ्गता भएमा बीमकले कुनै पनि दायित्व वहन गर्ने छैन ।

क) जानाजान आफैले लगाएको चोटपपटक वा आत्मसात वा आत्महत्याको प्रयास स्वरुप भएको स्थायी अंगभंग वा अशक्तता ।

ख) कानुनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस्) मा संलग्न भएमा ।

ग) नागरिक वा जंगी ऐन भंग गरेमा ।

**शर्तहरु :**

१. यो बीमालेख तथा यसको अनुसूची दुवै करारको अंग मानिने छन् ।

२. बीमितको तर्फबाट यस बीमालेखको शर्तको पालना हुनुपर्नेछ ।

३. दाबी पर्न सक्ने दुर्घटनाको अवस्थामा बीमितले बीमकलाई आवश्यक पर्ने सम्पुर्ण जानकारी तथा सहयोग उपलब्ध गराउनु पर्नेछ ।

४. यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनि उल्लेख भएको मितिमा स्थानिय समय अनुसार रातको बाह्र बजे यस बीमालेखको अवधि समाप्त हुनेछ ।

५. यस बीमालेख अन्तर्गत जोखिम बहन गर्न शुरु गरेको मिति र समय बीमालेखको अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

६. कुनै दाबी जालसाजी भएमा वा त्यस सिलसिलामा झुट्टा बयान दिई बीमितले वा निजको तर्फबाट का गर्ने अधिकार प्राप्त कुनै व्यक्तिले यो बीमालेख अन्तर्गत कुनै लाभ उठाउन खोजेमा वा जानी जानी बीमित-बीमित वा अन्य कुनै व्यक्तिको मिलेमतोमा कुनै हानि नोक्सानीको घटना घटेमा बीमित या बीमालेख अन्तर्गतको सबै लाभबाट बन्चित हुनेछ ।

७. यो बीमालेखका शर्तहरु बमोजिम बीमकलाई दिईने प्रत्येक सूचना तथा अन्य लेखापढी लिखित वा मुद्रित हुनु पर्नेछ ।

८. यस बीमालेख अन्तर्गत बीमा दाबी सम्बन्धी कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।

**स्वरोजगार म्यादी जीवन बीमालेख**

अनुसूचीमा उल्लेख भएको जीवन बीमा प्रस्ताव यस करारको आधार मान्ने गरी....................
(यसपछि बीमक भनिएको) ले प्राप्त गरेको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम एकल बीमा शुल्क किस्ता भुक्तानी पनि प्राप्त भएको हुनाले :

बीमा शुल्क भुक्तानी गरेबापत यस करारको बन्देज र जुन घटना घटेमा भुक्तानी दिने भनिएको हो सो घटनाको र सो भुक्तानी पाउने व्यक्तिको कानूनी अधिकारको तथा बीमितको उमेरको सम्बन्धमा बमिकले स्वीकार गरेको प्रमाणको अधिनमा रही यस बीमालेख बमोजिम भुक्तानी पाउने रकम बीमकले आफ्नो कार्यालयमा भुक्तानी दिनेछ भन्ने कुरा यस बीमालेखद्धारा पुष्टि गरिन्छ ।

यस बीमालेखमा संलग्न अनुसूची, शर्तहरु, विशेष शर्तहरु, पूरक करारहरु र सम्पुष्टि (हरु) यस करारको अंग मानिने छ ।

## अनुसूची

| | |
|---|---|
| कार्यालय : | जीवन बीमा प्रस्तावको मिति : |
| बीमा अवधि : | जीवन बीमा प्रस्तावको समय : |
| बीमितको नाम, थर :<br><br>ठेगाना : | बीमा लेख नं. : |
| | बीमांक रकम : अंकमा अक्षरमा |
| | बीमा शुल्क : |
| ईच्छाएको व्यक्तिको :<br>नाम थर :<br><br>ठेगाना : | बीमा लेख जारी मिति : |
| | बीमालेख अन्तर्गत रक्षावरण प्रारम्भ हुने मिति : |
| | बीमा समाप्ति मिति : |

**१. बीमालेख अन्तर्गत प्रदान गरिने सुविधाहरु :**

बीमा अवधि भित्र बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही माथी अनुसूचीमा उल्लेख भएको बीमांक रकम एक मुष्ट भुक्तानी गरिने छ ।

**२. भुक्तानी पाउने व्यक्ति :**

बीमितले इच्छाएको व्यक्ति सो नभए बीमा ऐन, २०४९ को दफा ३८ अनुसारको बीमितले आश्रित व्यक्ति वा कानुनी हकदार यस बीमालेख अन्तर्गत भुक्तानी पाउने व्यक्ति हुनेछ ।

अधिकार प्राप्त अधिकारीको :

हस्ताक्षर :

नाम :

मिति :

जाँच्ने :

पद :

**सामान्य शर्तहरु**

१. **बीमाशुल्क भुक्तानी :**

बीमा प्रारम्भ मितिमा पुरा अवधिको एक मुष्ट बीमा शुल्क भुक्तानी गर्नु पर्ने छ ।

२. **समर्पण मूल्य तथा कर्जा :**

यस बीमालेख अन्तर्गत समर्पण मूल्य/कर्जा प्रदान गरिने छैन ।

३. **उमेरको प्रमाण**

नेपाली नागरिकताको प्रमाण पत्र वा नेपाल सरकारको जारी गरेको राहदानीलाई बीमकले उमेर सम्बन्धी प्रमाणको रुपमा स्वीकार गर्नेछ ।

४. **बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु :**

यदि बीमितको मृत्यु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट भएमा बीमकले कुनैपनि दायित्व वहन गर्नेछैन ।

क) बीमालेख अन्तर्गत रक्षावरण प्रारम्भ हुने मितिबाट एक वर्ष भित्र आत्महत्या गरेमा ।

ख) मान्यता प्राप्त हवाई सेवाद्धारा संचालित नियमित मार्गमा भाडा तिरी यात्रु भै उडान गर्दा बाहेक अन्य उडान गर्दा ।

ग) कानूनको बर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस्) मा संलग्न भएमा ।

घ) नागरिक वा जंगी ऐन भंग गरेमा ।

५. यस बीमालेख अन्तर्गत कुने विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।

**स्वरोजगार कार्यक्रम अन्तर्गत प्रबाह गरिने ऋणको सुरक्षणको लागि गरिने बीमाका मुख्य बिशेषताहरु**

१. स्वरोजगार सम्पत्ति बीमा

क) सम्पत्तिको बीमा

बीमाको विषय वस्तु : युवा स्वरोजगार कोषबाट ऋण लिने व्यक्तिहरुद्धारा संचालित रोजगार मूलक काममा प्रयोग हुने विभिन्न सम्पत्तिहरु

बीमाङ्क रकम (स्वीकृत कर्जा बराबर अथवा अधिकतम रकम) : रु.२,००,०००।- एक व्यक्ति /स्थान

समाविष्ट जोखिमहरु

- आगलागी, विष्फोटन, स्वजलन वा चटयाङ्ग
- भुपक्क
- बाढी/डुबान
- पहिरो/भुस्खलन
- आधिबेहरी/असिना,हिमपात
- हुलदंगा/हडताल
- द्धेशपुर्ण कार्य
- आतंककारी/बिध्वंशकारी गतिविधि

ख) दुर्घटना बीमा

बीमित व्यक्ति : युवा स्वरोजगार कोषबाट ऋण लि व्यक्तिहरु

बीमाङ्क (स्वीकृत कर्जा बराबर अथवा अधिकतम रकम) : रु.२,००,०००।- प्रति व्यक्ति

समाविष्ट लाभहरु : स्थायी पुर्ण वा आंशिक अशक्तता

दाबी गर्दा पाईने रकम : स्थायी पूर्ण अशक्तता - रु. २,००,०००।-

तोकिए बमोजिमको स्थायी आंशिक अशक्तता - रु. १,००,०००।-

२.स्वरोजगार म्यादी जीवन बीमा

बीमित व्यक्ति : युवा स्वरोजगार कोषबाट ऋण लिने व्यक्तिहरु

बीमाङ्क : रु.२,००,०००/- प्रति व्यक्ति

समाविष्ट लाभहरु : कुनै प्रकारको मृत्यू (अपवाद बाहेक)

दाबी गर्दा पाईने रकम : रु.२,००,०००।-

कूल बिमाशुल्क दर (१ र २ दुबैको)

| बीमा अवधि | बीमा शुल्क दर | |
|---|---|---|
| | प्रतिशतमा | रकम रु. (प्रति दुई लाख बीमाङ्कमा) |
| १ वर्ष | १.०० | २,०००।- |
| २ वर्ष | १.९४ | ३,८८०।- |
| ३ वर्ष | २.८१ | ५,६२०।- |
| ४ वर्ष | ३.६२ | ७,२४०।- |
| ५ वर्ष | ४.३७ | ८,७४०।- |

३.  बीमा अवधिको शुरुमा पुरा बीमाशुल्क एकमुष्ट भुक्तानी हुनुपर्ने ।
४. एक वर्षको अनुमानित बीमाशुल्कको कम्तीमा ५०% रकम बीमा कम्पनीलाई आंशिक भुक्तानीको रुपमा उपलब्ध गराईनु पर्ने ।
५. प्रत्येक बीमालेखको बीमाशुल्क आंशिक भुक्तानीको रकमबाट समायोजन गर्ने । यसरी समायोजन गर्दा बाँकी आंशिक भुक्तानी रकम शुरुको आंशिक भुक्तानी रकमको १०% भए पछि एक वर्षको अनुमानित बीमाशुल्को ५०% रकम पुन बीमा कम्पनीलाई आंशिक भुक्तानीको रुपमा उपलब्ध गराईनु पर्ने ।
६. स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय एवं सहकारीले बीमा प्रस्ताव फाराम भरी बीमा कम्पनीलाई उपलब्ध गराएको मिति र समयबाट बीमा रक्षावरण प्रारम्भ हुने ।
७. स्वरोजगार कार्यक्रम अन्तर्गत ऋण प्रवाह गर्न बैंक तथा वित्तीय एवं सहकारी संस्था मार्फत बीमा दाबी भुक्तानी गरिने । त्यस्तो भुक्तानी प्राप्त रकमबाट ऋणको साँवा/ब्याज कट्टा गर्दा कुनै रकम बाँकी भई बीमित ऋणीलाई बैंक तथा वित्तीय एवं सहकारीको संस्थाले उपलब्ध गराउनु पर्ने ।